# सम्झनाका भुल्काभा

(कवितासङ्ग्रह)

विष्णुप्रसाद पन्त

प्रकाशक : श्रद्धा पन्त
चाबहिल, काठमाडौं

लेखक : **विष्णुप्रसाद पन्त**

संस्करण : पहिलो, २०६०

मूल्य : रू. ७५।-

कम्प्युटर : **स्केच कम्प्युटर**, ललितपुर

मुद्रक :

Samjhanaka Bhulkama (A Collection of poems)

ISBN : ९९९३३-८९५-१-X

# 'सम्झनाका झुल्कामा' जीवनका झुल्का

कतिपय मानिस साहित्यिक सर्जक नभएका भए पनि साहित्यानुरागी हुन्छन् । उनीहरू कविता, कथा पढ्छन्, गुनगुनाउँछन् र मनमनै रमाउँछन् पनि । त्यस्ता निकै व्यक्ति अन्तरवासमा रहेर जीवनको उत्तरार्द्धतिर आफ्ना सृजना लिएर प्रकट भएको पाइन्छ । त्यसै क्रममा एउटा दृष्टान्तका रूपमा विष्णुप्रसाद पन्तको नाम लिए हुन्छ ।

विष्णुप्रसाद पन्त (वि० सं० २००७, काभ्रे पञ्चकुमारी गाविस, बिर्ता देउराली) मूलतः शिक्षासेवी व्यक्तित्व हुन् । त्रिभुवन विश्वविद्यालयबाट एम० ए० अर्थशास्त्र र बी० एल० गरेपछि उनले कतिपय शैक्षिक संस्थाको संस्थापक, अध्यक्षता आदि गर्दै आएका छन् । उनी हाल पशुपति बहुमुखी क्याम्पसमा सहायक क्याम्पस प्रमुखमा र काठमाडौं कलेज, चाबहिलमा प्रमुखमा कार्यरत छन् । उनको 'बजारशास्त्रको सिद्धान्त' (२०४६) कृति प्रकाशित छ भने विविध पत्रपत्रिकामा फुटकर लेख-रचनाहरू प्रकाशित छन् । अहिले उनै पन्तजीको 'सम्झनाका झुल्कामा' (कवितासङ्ग्रह) प्रकाशित हुँदै छ, मन रमाउने कुरा हो यो ।

विष्णुप्रसाद पन्त जुन परिवेशमा जन्मे, हुर्के र काठमाडौं आए त्यो परिवेश सुनकोसी तरेर गएपछिको पहाडी भूभाग हो । उनले बालककालमा जस्तो प्राकृतिक कोमलता र कठोरता भोग्ने अवसर पाए त्यसको अनुभव उनलाई छ । अध्ययन गरिरहने स्वभावले उनी साहित्यिक कृतिहरू पनि अध्ययन गर्दै, सोच्तै गए । फलस्वरूप मनमा उकुसमुसिएका भाव अभिव्यक्त गरी यो कवितासङ्ग्रह प्रकाशमा ल्याएका हुन् ।

'सम्झनाका झुल्कामा' कवितासङ्ग्रहभित्र तेत्तीसवटा कविता समाविष्ट छन् । सबै कविता प्रायः छन्दोबद्ध तथा लोकलयात्मक देखिन्छन् । यसरी उपजाति छन्दमा तेन्हवटा, अनुष्टुप् छन्दमा आठवटा, लोकलयमा सवाईमा नौ र असारे भ्याउरेमा एक समेत दसवटा, बालौरी; बाललयमा एउटा र लयात्मक मुक्तक शैलीमा एउटा कविता रहेका छन् । छन्द पन्तजीको साधनाले पूरै नअँगाली सके तापनि स्वतः आएका छन् । यिनै छन्द तथा लयका संरचनात्मक स्वरूपभित्र उनले आफ्ना मनका कुलकुलाहटलाई 'सम्झनाका झल्कामा' सँगेटेका छन् ।

विष्णुप्रसाद पन्तका कवितामा जीवनभोगाइका तीता-मीठा सत्यहरू आफ्नै पारामा अभिव्यक्त छन् । ती कांतवामा कही अनुभव र अनुभूति, केही चिन्तन, आत्मिक ज्ञान तथा नीति र केही चेतना तथा सन्देशका गीतिझुल्का छन् ।

कवि आमाको महत्त्व दर्साउँछन्, मानिसका प्रवृत्तिहरू उधिन्छन्, मायाको वास्तविकता जताउँछन् । माया दृष्टि हो, सृष्टि हो– यसको रूप हुँदैन भन्ने झल्का दिन्छन् उनी । यस्ता सन्दर्भलाई छुने छन्दोबद्ध तथा लोकलयात्मक उनका केही कवितापुञ्ज हुन्–

*आँसु बगाई कतिसम्म बाँच्नु !*
*खाई नखाई कति चीज साँच्नु !*
*आमा ! तिमीले जति दुःख पायौ*
*आफू गलेरै सब यी बचायौ*

*चुसाई दूधै कति स्नेह साँच्यौ*
*काखै नछाडी कति रात हाँस्यौ*
*बस्यौ तिमी ता कहिल्यै नतर्सी*
*पाल्यौ सिहाऱ्यौ सब काम बिर्सी*

(आमासँग)

× ×

*नपाई दुःख चेत्दैन मान्छे, चेत्दै छ अहिले*
*बेकार धन थुपारी राख्यौ नखाई पहिले*

(धन)

× ×

*सधैँभरि यौटै कुरा सुन्न दिक्क लाग्छ*
*चाँडै गरी छुट्टिएर हिँड्न ठिक्क लाग्छ*
*घडीजस्तै चलिदिन सधैँ सकिँदैन*
*गन्तव्यमा नपुगी यो पयर रोकिँदैन*

(आशाको त्यान्द्रो)

*ओठ पनि सुकिसके किन थाहा छैन*
*खान मन लाग्दैन खै निद्रा पनि छैन*

(ओठ पनि सुके)

× ×

*कैलेकाहीँ यही मन सार्है जाती लाग्छ*
*कैले भने यही मन अभिशाप नै लाग्छ*
*खडेरीमा बिरुवाले पाउने दुःखजस्तै*
*मेरो मन आजभोलि भएको छ त्यस्तै*

(ढुङ्गाजस्तो मन भए)

पन्तजीको मुक्तक शैलीको कविता अर्कै भङ्गिमामा छ र त्यसले पनि सत्यतथ्य दिने प्रयास गरेको छ–

*अग्लो भएर भाँचिनुभन्दा नबढेके जाती हो*
*बत्ती बलेर निभ्नुभन्दा नबलेकै जाती हो*
*हात पसारी मागेर खानुभन्दा नखाएकै जाती हो*
*मरेसरि भै बाँच्नुभन्दा नबाँचेकै जाति हो ।*

(जाति हो)

'सम्झनाका झुल्कामा' अरू पनि विविध पक्ष छन् । कविले आफ्नो 'सम्झनाका झुल्कामा' दिन चाहेका कतिपय कुराको सङ्केत मात्रै पनि गरेका छन् । प्रथम प्रयास भएकाले अभिव्यक्ति जति तीव्र हुन सक्थ्यो त्यति हुन सकेको छैन, तर हुनचाहिँ खोजेको छ । साहित्यका क्षेत्रमा उत्रिसकेपछि कविले अब अध्ययन गरिरहनुपर्छ, लेखिरहनुपर्छ, चिन्तन-मनन गरिरहनुपर्छ । उनलाई सबभन्दा पहिलो ठूलो आवश्यकता छ– भाव र भाषाका दक्ष एवं सन्तुलित प्राप्तिको । यस दिशामा अवश्यै सफलता मिल्नेछ भन्ने आशा म गर्दछु ।

समग्रमा के भन्न सकिन्छ भने कविलाई गाउँघर प्यारो छ, श्रम प्यारो छ र प्यारो छ– आफ्नो माया-ममता । कवितामा त्यही गाउँघर, त्यही श्रम त्यही माया ममताका भावझुल्का छन् । कविताले समयलाई चिन, प्रकृतिलाई चिन आफूलाई चिनजस्ता सन्देश पनि दिएका छन्– प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा । 'सम्झनाका झुल्कामा' भित्र केही जीवन छ केही यौवनको अवशेष पनि छ अनि केही मनका राग-अनुराग छन् । ती कविताहरूमा खोज्दा जीवनको विविध भावका झुल्का फेला पर्छन् । कविको कलमले निरन्तरता पाइरहोस्– अरू पनि धेरै झुल्का दिन सक्नेछ । यिनै विश्वासका साथ सिर्जनाको शुभेच्छा जनाउँदै म आफ्नो भनाइ यहीँ टुङ्ग्याउन चाहन्छु ।

सानेपा, ललितपुर

२०६० माघ १

**कृष्णप्रसाद पराजुली**

# सम्झनाका झुल्कामा : उज्यालो खोज्दा

श्री विष्णुप्रसाद पन्त अर्थशास्त्री हुन् । सैद्धान्तिक मात्र होइन व्यावहारिक अर्थशास्त्रमा पनि उनी कुशल छन् । तत्सम्बन्धी पुस्तक बजारशास्त्रको परिचय लेखेकै आधारमा उनी नेपाली लेखकमा पनि दरिएका हुन् । २४ वर्षसम्म सँगै काम गर्दा उनका साहित्यिक प्रवचनबाट प्रभावित भएर म भन्ने गर्थें–"साहित्यिक रचना गरे राम्रो हुन्थ्यो ।" मेरो माग पूरा भएछ–'सम्झनाका झुल्कामा' कवितासङ्ग्रह २०६० लिएर उनी नेपाली साहित्यमा हाजिर भएका छन् । अब कवि विष्णुप्रसाद पन्त भनेर सम्बोधन गर्नु उपयुक्त हुनेछ ।

यस सङ्ग्रहमा ३३ कविता छन् । उनका कविता अनेक विषयमा छरिएका छन् । कुनै एक विषय वा क्षेत्र मात्र होइन अनेक विषयलाई आफ्नो कविताकलामा उतार्ने चेष्टा कवि पन्तको छ । हेरौं केही नमुना अंश–

*गरेर थाक्यौ न त हेरचाह*  
*हाँसेर बस्थ्यौ सही धेर डाह*  
*आफैं बढेझैं नभएर लाज*  
*बिर्सिरहेछ्यौं दिनरात आज*  
('आमासँग' बाट)

*भाका धेरै राख्नु हुन्न आँखा दुख्न सक्छ*  
*सधैंभरि यस्तै गर्दा आशा सुक्न सक्छ*  
*नजानेर गल्ती गर्दा सधैं दुःख हुन्छ*  
*आफन्तले छोडेपछि सधैं मन रुन्छ*  
('आशाको त्यान्द्रो' बाट)

*घरमा छैन पीठो*
*खानुपर्ने मीठो*
*बन्नुपर्ने ठिटो*
*उठ्नु छैन छिटो*

('उल्लू' बाट)

यी तीन अंश मैले नमुनाका रूपमा लिएको हुँ। छन्द, लोकलय र अनुप्रासयुक्त गद्यमा कति सार्थक अभिव्यक्ति छ– यी अंशबाट पनि अनुभव गर्न सकिन्छ। कवि पन्तको प्रथम कवितासङ्ग्रहमा पनि यति सार्थक चिन्तनका कविता छन्, कवित्वकलाका झिल्का पनि निकै छन्। अनेक संस्थामा, अनेक व्यावहारिक झन्झटमा, अर्थोपार्जन तथा सेवाका सन्दर्भमा अलमलिएर बेफुर्सदी जीवन बिताइरहेका कवि पन्तका कविता पढ्दा म दङ्ग परेँ। अनेक अनुभूति छन्, अनेक चिन्तन छ र प्रस्तुति पनि हृदयस्पर्शी नै छ। साधनाको पानीले सिञ्चित गर्दै उनको कवित्ववृक्ष अझ फलवान् र पुष्पवान् बन्नेछ भन्ने मलाई विश्वास छ। जेमा लाग्यो त्यो पूरा गरेर छाड्ने उनको स्वभाव छ। अन्तमा–

*सुधी पन्तको साधना जुर्मुराओस्*
*दरो होस्, खरो होस्, सधैँ स्वादिलो होस्*
*सबैले पढून् सिर्जना दिव्य मानी*
*शुभेच्छा यही राख्तछु प्रेम ठानी।*

घटराज घट्टराई

२०६० माघ २५

# आफ्ना कुरा

आफूलाई कविको पङ्क्तिमा राख्ने मनसाय जन्मेर मैले कविता लेख्न थालेको पटक्कै होइन । आफूसँग यस्ता सपनाहरू पनि भएनन् । मनभित्र दबेर रहेका भावनाहरू जो प्रकट हुने मार्ग खोजिरहेको थिए, त्यसै क्रममा केही शब्द लय समाती पङ्क्तिबद्ध रूपमा निस्कन थाले । यस्ता पङ्क्तिहरू आफ्ना प्रियजनहरूलाई सुनाउन थालें । उनीहरूबाट मलाई अगाडि बढ्ने प्रेरणा मिल्दै रह्यो । त्यसै प्रेरणाको लहरमा जब मलाई उत्साह प्राप्त भयो ।

त्यसपछि मैले कविता लेख्ने गतिलाई तीव्र रूप दिन थालें । जसको परिणामस्वरूप यो कवितासङ्ग्रहको जन्म भई पुस्तकको आकार लिएर यस रूपमा आयो । उहाँहरू सबैलाई शब्दद्वारा धन्यवाद दिँदा कम हुने लाग्दछ । पहिलो प्रयास, अपरिपक्क हात र चिन्तनको कमी भएको हुँदा यसमा धेरै त्रुटि हुन सक्छन्, शुद्धाशुद्धी र व्याकरण तथा छन्दको अल्पज्ञान हुँदाहुँदै पनि यो प्रयास गरेको कुरा अग्रजहरूमा सविनय निवेदन गर्दछु ।

श्रद्धेय गुरु कवि कृष्णप्रसाद पराजुली, मेरा सुपरिचित प्रा० घटराज भट्टराई र प्रिय शिष्य विष्णु के० सी० बाट ठूलो प्रेरणा, उत्साह र सहयोग प्राप्त भएको छ । उहाँहरूप्रति म हार्दिक आभार प्रकट गर्दछु । मञ्जु पन्त र कल्पना पन्तबाट मलाई बारम्बार हौसला बढाई यो पुस्तक पूरा गर्न प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग पुऱ्याएका छन् ।

अतः उनीहरूलाई धन्यवाद दिन चाहन्छु । मेरा अन्य मित्रहरू जसजसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मेरो लेखनमा जिज्ञासा राख्नुभयो उहाँहरूप्रति पनि यथोचित आभार प्रकट गर्दछु ।

अन्त्यमा पाठकवर्गहरू जसले यो कवितासङ्ग्रह पढ्ने अवसर पाउनुहुन्छ उहाँहरूबाट मलाई सुझाउ प्राप्त हुने अपेक्षा राख्तछु । यस प्रयासलाई माया गरिदिनुभई मेरो श्रम खेर जानवाट बचाइदिनुहोला भन्ने आशा विश्वासका साथ यहाँहरूसमक्ष यो कोसेली अर्पण गर्दछु

चाबहिल, काठमाडौं
२०६० माघ २९

**विष्णुप्रसाद पन्त**

# कविताक्रम


| | कविता | पृष्ठ |
|---|---|---|
| १. | आमासँग | १५ |
| २. | प्रभुलाई कसरी पाइन्छ ? | १६ |
| ३. | झिल्का | १८ |
| ४. | पानी | १९ |
| ५. | अल्लारे | २१ |
| ६. | सत्यमार्ग | २३ |
| ७. | भिखारी | २५ |
| ८. | मनसँगै आफू | २७ |
| ९. | धन | ३० |
| १०. | बल्दो टुकी | ३२ |
| ११. | आशाको त्यान्द्रो | ३४ |
| १२. | भ्रान्ति | ३६ |
| १३. | अतीत | ३८ |
| १४. | माया नै सब थोक | ४० |
| १५. | उल्लू | ४२ |
| १६. | आफैँसँग | ४३ |

१७. मधुवाणी ४५
१८. शरीर ४७
१९. समय ४९
२०. सम्झनाका झुल्कामा ५२
२१. व्यथाभित्र म ५४
२२. मुटु नचर्की ५६
२३. के भएको होला ? ५८
२४. विदेशिएको छोरो ६०
२५. जाती हो ६१
२६. वास्तविकता ६३
२७. फूल ६५
२८. नारी ६७
२९. ढुङ्गाजस्तो मन भए ६८
३०. ओठ पनि सुके ६९
३१. तिमी ७०
३२. मानिस ७३
३३. माया ७५

# सम्झनाका मुल्कामा

कवितासङ्ग्रह

# आमासँग

आँसु बगाई कतिसम्म बाँच्नु !
खाई नखाई कति चीज साँच्नु !
आमा ! तिमीले अति दुःख पायौ
आफू गलेरै सब यी बचायौ

बोकी पिठचूँमा सकिँदो घुमायौ
तोते म बोल्दा कतिको रमायौ
गाउँ र बेसी लिई हिँड्नुपर्दा
कष्टै उठायौ कतिको चहार्दा

चुसाई दूधै कति स्नेह साँच्यौ
काखै नछोडी कति रात हाँस्यौ
बस्थ्यौ तिमी ता कहिल्यै नतर्सी
पाल्यौ-सिहार्‍यौ सब काम बिर्सी

गरेर थाक्यौ न त हेरचाह
हाँसेर बस्थ्यौ सही धेर डाह
आफैँ बढेभैँ नभएर लाज
बिर्सिरहेछौँ दिनरात आज

# प्रभुलाई कसरी पाइन्छ ?

पूजाले प्रभु पाइन्न हुनुपर्छ समर्पण
सबैको आत्म यौटै हो चिन्नुपर्छ प्रतिक्षण
आँखाले प्रभु देखिन्न मनैले हेर्नुपर्दछ
मन एकाग्र पारेर आँखा चिम्लिनु पर्दछ

प्रेमैले प्रभुको रूप देख्न पाइन्छ चौदिशा
नभए मनमा कैल्यै देखिन्न झुल्कँदो उषा
नखोज प्रेम बाटामा आफैँमा छ समाहित
भित्रकै प्रेमशक्ति यो गर्नुपर्छ प्रवाहित

जसमा प्रेमले हेर्छौ उसैमा प्रभु मिल्दछन्
चाहेको रूपरङ्ग र स्थानमा उनी फुल्दछन्
शङ्का हो प्रेमको कैँची गर्नुहुन्न कसैप्रति
यसैले दुःख पाइन्छ सुख मिल्दैन है रती

प्रभुको रूप हो पूर्ण अपूर्ण कसरी हुने !
पूर्णता प्रेममा मिल्छ प्रभु नै प्रेम भै दिने
देह अन्त्य भई जान्छ प्रेम मर्दैन क्यै गरी
जहाँ छ प्रभुको बास डुब्दैन आँसुमा परी

अनन्त रूप हो प्रेम सीमा छैन कतै पनि
यसैको रसमा बाँच्छन् जीवात्मा छन् जहाँ पनि
आत्मामै प्रभुको बास देहले ढाकिराख्दछ
देह जीर्ण भईजाँदा आत्माले देह छाड्दछ

○

# झिल्का

जति पर नदी जान्छ
किनारा त्यहीँ पुग्दछ
किनारा छाड्न को सक्छ ?
नदी नै जब बग्दछ

सुख खोज्दछ दुःखैले
दुःख खोज्दछ कालले
पानी खोज्दछ माछाले
माछा खोज्दछ जालले

साथकै चीज देखिन्न
देखिन्छ परको किन
भएकै चीज भोगिन्न
खोजिन्छ अरूको किन ?

○

# पानी

पानी धमिलो कसले बनायो ?
फोहोर पारी कसले बगायो ?
सफा सबैको जसले त गर्छ
मैलो उही भो कुन भाँति टर्छ !

प्राणीहरूको यसमै छ प्राण
बालीहरूको यसमै छ ज्यान
प्रयोग गर्दा यसबाट धेर
हो लाभ मिल्ने नगरेमा बेर

बग्दै रहेको जल शुद्ध ठान
प्रयोग गर्दा अति बेस जान
जहाँ छ जम्दो जल शुद्ध हुन्न
अस्वच्छ सम्झीकन हात छुन्न

सक्दैन कोही यसलाई छोड्न
लागिरहेछन् यसलाई खोज्न
श्रद्धा गरेरै जललाई हेर
दुःखै नदेऊ यसलाई धेर

समुद्र खोला यसबाट हुन्छन्
हिउँ र वाफै यसबाट बन्छन्
मिटेर आफू अरूलाई दिन्छन्
संसार सारा यसमै सजिन्छन्

○

# अल्लारे

न भयौ खेतको आली पानीलाई थुनीदिने
न भयौ काठको लिस्नु अरूलाई बनीदिने
न भयौ घाटको माझी बटुवाहरू तार्दिने
न भयौ वागको माली बिरुवाहरु सार्दिने

न बन्यौ हातको लट्ठी वृद्धलाई सघाउने
न बन्यौ रातको साथी अन्धकार हटाउने
न बन्यो काठको पाटी क-ख-ग-घ सिकाउने
न बन्यौ पाटको डोरी यताउता घिसाउने

बनेनौ हलको गोरु सँगै मिली हिँडीदिने
बनेनौ फलको बोट फलेपछि नुहीदिने
बनेनौ घरको देव सुख शक्ति भरीदिने
बनेनौ दीपको बाती अरूसाथ जलीदिने

न बन्यौ फूलको बोट सुगन्ध नै छरीदिने
न बन्यौ फलको बोट पाकेपछि झरीदिने
न भयौ नदीको ढुङ्गा शालिग्राम वनीदिने
न भयौ फूलको झुप्पा शिरशोभा वनीदिने

न सक्यौ पार नै लाग्न जिन्दगीमा लडे पनि
सकेनौ गुन तिर्नै झन् आफू एक्लै गुडे पनि
गरेनौ अरूको राम्रो भित्री आत्मा छुने गरी
रहेनौ अरूको मित्र सम्झीसम्झी रुने गरी ।

○

# सत्मार्ग

नजाऊ अरूको बास बोलावट नभैकन
नलेऊ वस्तु अर्काको उनैले नदिईकन
नबोल बीचमा प्वाक्क राम्ररी नबुझीकन
नगर अरूको चर्चा आवश्यक नभैकन

दहमा फाल के हाल्नु गहिरो नबुझीकन
नहेर नभको दृश्य कुहिरो नखुलीकन
नजाऊ वनमा एक्लै चाहिन्छ मित्र साथमा
नल्याऊ वनको वस्तु विना बुझ र जाँचमा

नदेऊ घरमा बास चिनजान नभैकन
नबस बीचमा बास गन्तव्यमा नगैकन
नहिँड नीचको साथ बिग्रनेछौ पछि तिमी
अत्याचार नगर्नू है तड्पिनेछौ यहीँ घुमी

नरोक बीचमा पाउ लक्ष्य पूरा नभैकन
नछोड साथीको साथ प्राण अन्त्य नभैकन
नखोल शिरको घुम्टी कोठाभित्र नगैकन
नसोच मनमा गल्ती सत्यसिद्ध नभैकन

नराख मनमा क्रोध मूर्खजस्तै भईकन
नपार मन त्यो खिन्न अवमूल्य गरीकन
नछोड सत्यको मार्ग आत्मा दृढ गरी बस
नत्याग देहको शक्ति ज्ञान दिन्छ सुधारस

○

# भिखारी

बाटाको म भिखारी हुँ माग्छु भीख दिनैदिन
दिएको चीज लिएर घर फिर्छु कुनै छिन
चाहेको वस्तु पाइन्न जे मिल्छ लिनुपर्दछ
जल्ले देओस् कुनै वस्तु हाँसेर लिनुपर्दछ

बाटाको छेउमा बस्तै रोएर माग्नुपर्दछ
मनको भावना पोख्तै गाएर बाँच्नुपर्दछ
दिनेले जसरी दिन्छ लिनुपर्दछ बाध्य भै
पाइन्न नलिए केही लिनुपर्दछ बाँच्न नै

कुर्नुपर्दछ बाटैमा के देलान् दिनेले भनी
नदिए दान दाताले आगो बल्दछ दन्दनी
भोकाको अग्निले पोल्छ देह भस्म हुने गरी
अति नै छट्पटी हुन्छ बाँच्नलाई घरीघरी

घामको तापले पोल्छ चिसो पार्दछ शीतले
बसेरै दिन यो बित्छ सधैं नै कुन रीतले
अनेकौं दिन यी बित्छन् खाली पात्र लिईकन
नपाई कहिले भिक्षा फिर्छु खिन्न भईकन

भिखारी भीखको लागि बाँचिदिन्छ यसै गरी
नियति उसको यस्तै बदलिँदैन कसै गरी
नपरोस् यसरी बाँच्न प्राणीलाई कुनै दिन
म पनि रोएरै बाँच्छु भीख मागी सबै दिन

○

# मनसँगै आफू

देखिन्छ स्वप्ना मनमा गुनेर
सुखै छ जस्तो क्षणमा रमेर
जोडी मिलेका अरूलाई देख्दा
रम्थेँ खुसीले सँगसाथ भेट्ता

साथीहरू मण्डपमा वसेर
विवाह गर्थे दिल गाँसिएर
चौचौ विहेको अनि लाग्न थाल्यो
राम्रो कुराले तन रम्न लाग्यो

कुरा बिहेकै जब चल्छ राति
टाढा न जानु न त बस्नु माथि
जसै विहेको सुर टुङ्गिदिन्छ
कुरा सुनेरै मुटु हल्लिदिन्छ

नाना थरीका बटुलेर चीज
पूरा भयो जे जति हुन्छ रीत
गएँ म टाढा घरलाई छोडी
आफन्त नाता सबलाई तोडी

अरू कसैको घरमा पुगेर
म बस्न आँटे बहुतै रमेर
बेला त सन्चैसँग बित्न थाल्यो
चिन्ता र त्रासै पनि हट्न लाग्यो

वर्षै नबित्तै मन दुख्न थाल्यो
हावा हुरीझैँ मन चल्न थाल्यो
पाइनँ मैले सुख त्यो कहाँ छ
न भेट्न पाएँ सुख त्यो जहाँ छ

हुन्छन् रसिला किन आज आँखा
कहाँ खस्यो हो मनको त्यो भाका
भएर खाली म त रित्तिएछु
यथास्थितिमै म त किच्चिएछु

हिँड्नै नसक्ने म त भैसकेछु
नदेखिने चोट सही बसेछु
पुगेन इच्छा मनको कुनै पनि
न आँट आयो सँग गै रुनै पनि

खोजी सुखैको गरिंदा पहिले
भोगिरहेछु दुःख यो अहिले
हाँस्नै छ मैले अरूका अगाडि
बस्नै छ रोई परदा पछाडि

दाम्लो परेको पशुझैं भएर
बाँच्नै छ मैले कति पो सहेर
भएछ भूलै म भनूँ कसो गरी
बिग्नै परेमा म अडूँ कसो गरी !

○

# धन

साँचेर राख्यौ धनलाई तिमीले हात नै नलाई
बाँधेर राख्यौ पटुका पेटमा नखाई नखाई
थुपारी धन भएन शान्ति मनमा कहिल्यै
सधैँको चिन्ता सबैको ईर्ष्या सुख छैन कहिल्यै

नहुँदासम्म शान्ति थ्यो मनमा डर पनि थिएन
भोक र निद्रा राम्ररी लाग्थ्यो रोग पनि थिएन
कसरी जम्मा गरियो धन पसिना काढेर
सम्झँदा आज धिक्कार लाग्छ भएछ बेकार

आफन्तहरू ईर्ष्याले हेर्थे दिएन भनेर
चुँडेर लिन धेरैले खोज्थे पशुझैँ भएर
धनैको कारण झगडा हुन्छ दाजु-भाइबीचमा
लोग्ने र स्वास्नी, छोरा र छोरी पर्दछन् सोचमा

धनकै कारण बढ्दै छ इच्छा पुऱ्याउन नसक्ने
यसैको कारण हुँदै छ कार्य गर्न नै नहुने
सुखको इच्छा राखेर जम्मा पारेको धनमा
मिल्दछ दुःख मानिसलाई पोल्दछ मनमा

नपाई दुःख चेत्दैन मान्छे चेत्दै छ अहिले
बेकार धन धुपारी राख्यौ नखाई पहिले
भोगेको धन आनन्दी मन भएर लिइन्छ
बचेको जे छ अरूको चीज अरूलाई दिइन्छ

○

# बल्दो टुकी

भित्रभित्र रोए पनि बाहिर हाँसिदिने
अँध्यारोलाई धप्प हुँदा उज्यालाले छुने
उज्यालोमा देखिँदैन अँध्यारोमा बल्छ
अरूलाई खुसी दिन आफू स्वयं जल्छ

घर बाटो जतासुकै उज्यालो नै दिन्छ
सानो-ठूलो फरक छैन समानमा लिन्छ
अन्धकार निलिदिन्छ उज्यालो चैं फाल्छ
शक्ति क्षीण भएपछि आफैँ रुन थाल्छ

धेरैजसो ज्ञानी भई हाँसो आफू छर्छ
कहिलेकाहीँ यताउता हल्लिने यो गर्छ
झिम्काउँछ आँखा पनि कहिलेकहीँ यसले
हात पनि पोलिदिन्छ जिस्क्याउँदा जसले

टाढाटाढाबाट पनि हेर्न यसलाई मिल्छ
देखे पनि उज्यालो चैं नजिक मात्र खुल्छ
साँझपख आइदिन्छ बिहानीमा भाग्छ
देखिँदैन दिउँसोतिर खै कता यो लाग्छ

राम्रो गर्नेहरूलाई यसले राम्रै गर्छ
खराब गर्नेहरूलाई खराब पनि गर्छ
जस्तोसुकै गरे पनि सबैको हो साथी
सबै जना खोज्ने गर्छन् जब पर्छ राती

○

# आशाको त्यान्द्रो

थोरै-थोरै पाउँदा पनि धेरै खुसी हुने
नपाउँदा अलिकति मरीमरी रुने
सधैँभरि त्यही पाउँदा हल्कासँग लिने
कुनै दिन नपाउँदा ठस्स परिदिने

खुसी हुँदा दङ्ग परी के-के कुरा गर्ने
रिसाउँदा आँखा तरी अर्कैजस्तो गर्ने
बाटो काटी गयो भने पर्खी बसे भन्ने
भेट हुँदा सबै कुरा आफ्नै मात्र गुन्ने

सधैँभरि यौटै कुरा सुन्न दिक्क लाग्छ
चाँडै गरी छुट्टिएर हिँड्न ठिक्क लाग्छ
घडीजस्तै चलिदिन सधैँ सकिँदैन
गन्तव्यमा नपुगी यो पयर रोकिँदैन

केही कुरा पाए पनि गुमाउँछौ धेरै
गर्ने कुरा धेरै हुन्छ समयचैँ थोरै
कति कुरा पर्खंदैमा जीवन बितिसक्छ
नबुझेर कति कुरा पछुताउनु पर्छ

भाका धेरै राख्नु हुन्न आँखा दुख्न सक्छ
सधैँभरि यस्तै गर्दा आशा सुक्न सक्छ
नजानेर गल्ती गर्दा सधैँ दुःख हुन्छ
आफन्तले छोडेपछि सधैँ मन रुन्छ

# भ्रान्ति

जानी-नजानी अधुरो भएछु
अज्ञात बाटो म कता गएछु
पुग्ने कहाँ हो कति थाहा छैन
उँभो गए तापनि मित्र छैन

बेला अँधेरी जन छैन साथ
बढौं कसरी अघि खालि हात
हिँड्दा उकाली पहरा र भीर
थाकेछु कल्ले हरिदिन्छ पीर !

झेली दुखेसो जब पारि गाउँ
पुगेछु थाहै नभई त्यो ठाउँ
बसेँ म यौटा घरमा भो बास
उब्ज्यो मनैमा अनि भ्रान्ति त्रास

के भो अचम्मै ! मन फेरि जाग्यो
थियो डरै जो छिनमै त्यो भाग्यो
हेरे सबैले तुलबुल्लिएर
दङ्गै परे ती खलबल्लिएर

हातै समाई सब भन्न थाले
कहाँ गएथ्यौ भनी सोध्न थाले
म भ्रान्ति बोकी वनमा छुटेछु
हराई आफ्नो घरमै पुगेछु

○

# अतीत

गरिबको घरमा जन्मायौ आमा ! पीडा नै सहेर
धेरैकी आमा पनि हौ तिमी मायालु रहेर
अभाव हुँदा सतायो कति को भन्न सक्छ र ?
हामीले तिमीलाई जुन दुःख दियौं को गन्न सक्छ र ?

हुर्कायौ आमा ! कसरी हामीलाई, कसरी खुवायौ ?
सन्तान धेरै, आम्दानी थोरै कसरी पुऱ्यायौ ?
मीठो र राम्रो कसरी दिनु तिमीले हामीलाई
साग र सिस्नु ख्वाएर पनि हुर्कायौ हामीलाई

पढ्ने र लेख्ने रैनछ हाम्रो स्थितिले देखेको
डोको र नाम्लो रहेछ साथ त्यै थियो भोगेको
अरूका सन्तान स्कूलमा गए किताब बोकेर
हामीचैं गर्थ्यौं गाउँ र बेसी बिलौना पोखेर

कठिन भयो दुई छाक खान गाउँमा बसेर
अर्काको घरमा काम गर्न थालें सहरमा पसेर
अबेरै सुत्नु सबेरै उठ्नुपर्ने भो मलाई
दिनभरि काम, उब्रेको माम खाना भो मलाई

सबैको गाली सबैको घृणा सहनु कसरी
मेसिनजस्तै भएर काम गर्नु हो कसरी ।
भोक-तिर्खा मेरो नबुझ्ने कोही काम मात्र लगाउने
हात खाली राखी एकैछिन पनि बस्न नै नपाउने

चाडबाड आउँदा अरूलाई हेरी म रोई बस्तथेँ
हाँसखेल गरी हिँडेको देख्ता म हेरी बस्तथेँ
मुटुमा गाँठो परेर आउँथ्यो घरलाई सम्झेर
धरधरी आँसु भुइँमा झर्थे आफन्त सम्झेर

कलिलो उमेर बितेर गयो अर्काको घरैमा
हातका नङ्ग्रा खिएर गए खाएको भरैमा
सकिनँ केही कमाउन धन दस वर्ष बसेर
सकिनँ केही पठाउन घरमा सहर पसेर

नोकरी गरी नबस्नू कोही अर्काको घरैमा
खाएर बस्नू खोले र फाँडो अमृत हो घरैमा
गाउँ र बेसी गरेको जाती निरोगी भएर
भविष्य राम्रो बनाउन सक्छौं गाउँमा बसेर

O

# माया नै सब थोक

माया हो सृष्टिको तत्त्व माया नै भवसागर
बुझेमा सुख हो माया नबुझे दु:खसागर
आकार यसको छैन सकिन्न देख्न औ छुन
खोज्दैमा यसको रूप सक्ने छ देख्न नै कुन ?

आँखाले देख्न गाऱ्हो छ पाइन्छ यो जताततै
हातले टिप्न साऱ्हो छ भेटिन्छ यो जतासुकै
गजबै चीज हो माया प्राणीलाई फसाउने
जगत्को बीज हो माया सृष्टिलाई बचाउने

प्राणीको चित्तमा बस्तै नसा भर्दिने गर्दछ
नसाकै भरमा प्राणी बाँच्दछ अनि मर्दछ
कहाँ छ यसको बास देखिँदैन सधैँभरि
कसरी जीवमा पस्छ थाहा हुन्न कसै गरी

बिर्सिन्छ प्राणीले बाटो यसको जालमा परी
पाइन्छ भवमा दु:ख नबुझी यो घरीघरी
पगाल्छ यसले वस्तु जस्तो ठोस भए पनि
वाल्दछ यसले बस्तु जति चिसो भए पनि

घट्दैन यसको मात्रा जसरी बाँडिदा पनि
बढ्दैन यसको मात्रा जसरी साँचिदा पनि
मर्दैन यसको बीज प्राणी मरी गए पनि
हट्दैन यसको छाप जतिसुकै धोए पनि

दिइने चीज हो माया यसैमा सुख मिल्दछ
माया पाइन्न चाहेर व्यर्थैमा दुःख मिल्दछ
किनूँ यो किन्न पाइन्न जति मूल्य तिरे पनि
मागेर पनि पाइन्न छाती पिटी मरे पनि

पाइन्छ कसरी माया खोजी ता गर्दछन् सब
माया खोजेर मिल्दैन हुनुपर्दछ सम्भव
अमूल्य रत्न हो माया यत्नले राख्नुपर्दछ
हराउन सक्छ यो माया आत्माले ढाक्नुपर्दछ

पानीझैँ यो बगी जान्छ तलतिर जतासुकै
हावाझैँ फैलिई जान्छ भित्रभित्रै जतासुकै
प्राणीको प्राण हो माया यसैमा अल्झी बाँच्तछ
पाएरै अरूको माया खुसी भैकन हाँस्तछ

शक्तिको स्रोत हो माया यसैमा गति मिल्दछ
वसन्त ऋतु हो माया मायामै फूल फुल्दछ
माया पाए खुसी हुन्छ नपाए वक्ष चिर्दछ
माया अँगालिई बाँच्छ टुटेमा प्राणी मर्दछ

O

# उल्लू

बिग्रेपछि मति
खान थाल्छ अति
भन्छ अलिकति
निल्छ भनेजति

काम कति-कति
जाँगर छैन रति
कुरा गर्ने अति
छैन राम्रो मति

ठाडो छैन शिर
मन छैन स्थिर
कत्ति छैन पीर
खोज्दै हिँड्छ भीर

घरमा छैन पीठो
खानुपर्ने मीठो
बन्नुपर्ने ठिटो
उठ्नुछैन छिटो

○

# आफैँसँग

आफन्त सम्झी सबलाई हेर
पाइन्छ माया अरूबाट धेर
हानी अरूको कहिल्यै नपार
मिल्नेछ शान्ति दिलमा अपार

संसार राम्रो छ खराब छैन
धर्ती हो साझा फरकै हुँदैन
बस्ने र खेल्ने स्थल यै छ हाम्रो
मिलेर बाँचौं नगरौं नराम्रो

नदी र नाला खहरे हजार
वर्दान पाए जनले अपार
यै खेतबारी कति बाली झुल्छ
खानी खनेमा कति थोक मिल्छ

उत्साह बोकी अघि बढ्नुपर्छ
ऐश्वर्य हामीतिर फेरि झर्छ
पहाड, मैदान सबै मिलेर
बस्नु छ यहाँ फूलझैँ फुलेर

हल्ला गरेरै जग थर्किंदैन
बितिसकेको दिन फर्किंदैन
होसै पुऱ्याऊ क्षण यो छँदैमा
बित्नेछ बेला पछि ता रुँदैमा

# मधुवाणी

बोली छ मीठो जसको सुधाझैँ
आत्मीय हुन्छन् उसमा सदा नै
सुनेर मीठो सब दङ्ग पर्छन्
मिली सबैले हित मात्र गर्छन्

मुस्कान भर्ला जसको मुहार
बोली उसैको बनिदिन्छ हार
बोली मिठो भै मन जित्न सक्छ
प्राणी सबैमा गइ भिज्न सक्छ

जहाँ पुगौं यो खुस हुन्छ चित्त
खाने र बस्ने पनि साथ जुट्छ
माया सबैले उसलाई गर्छन्
तानेर आफैंतिर स्नेह छर्छन्

धनाढ्य हुन्छन् प्रिय बोलीबाट
दरिद्र बन्छन् त्यही बोलीबाट
आफ्ना बिराना त्यसमै भिजिन्छन्
शत्रु र मित्रै पनि ता चिनिन्छन्

बोलौँ मनैले सब मित्र सम्झी
ढोका खोलौँ यै निदवाट बिम्झी
चित्तै अरूको नदुखोस् कहिल्यै
बोलौँ विचारी अब ता पहिल्यै

बोली छ मीठो जसमा सधैँ त्यो
बान्की उज्यालो, हँसिलो, धनी भो
आनन्द मिल्नेछ बसे सबै मिली
हुनेछ संसार सधैँ झिलीमिली

○

# शरीर

शरीर आफ्नो सबले बचाऊ
पायौँ भनेरै हसुरी नखाऊ
पाइन्न अर्को देह यो जगत्मा
खेरा नफालीकन बाँच सत्मा

प्रयोग यस्को गरि बारबार
भविष्य आफ्नो सबले सपार
यसमा छ शक्ति सबथोक गर्ने
खराब कामै सबले नगर्ने

सेवा गरेमा हुन सक्छ जाति
सेवा गरेरै पुगिनेछ माथि
खोजी नहिँडौँ अरू चीज-बीज
आफ्नो तनै हो बहुमूल्य चीज

सचेत बन्नै छ बचाई राख
लाग्नै नदेऊ यसलाई दाग
शरीर राम्रो सबले बनाऊ
मन्दिर सम्झीकन यो सजाऊ

हो ईश आत्मा यसभित्र मिल्छ
राम्रो-नराम्रो सबथोक खुल्छ
गरौं चिनारी अब नित्य आफैं
राखौं बचाई क्षमता छ साथै

चिन्ता हटाऊ मनमा नराख
बिगार्छ देहै खहरिन्छ आँत
चिन्ता र पीडा अनि प्यास-भोक
भर्छन् यिनैले तनमाथि रोग

❍

# समय

भो उग्र गर्मी सहँदै उभिएँ
ठन्डी बढायो दु:खले ठडिएँ
भो हाल दुख्ने सबले लछारे
चिथोरी छाला सबले उधारे

खाने कुरा के पनि टुङ्गिँदैन
पिऊँ कि भन्दा जल नै हुँदैन
नाङ्गो र भोको सहिद रात-प्रात:
भोग्नै पर्‍यो झन् बहको प्रवाह

जसै म बढ्दै परिपक्व भैगएँ
देखी मुहारै प्रिय भै म लोभिएँ
बढें कसोरी केही याद छैन
बढी यसोरी केही पाइँदैन

बढेर बाहाँ पर भैसकेछन्
बढेर गोडा तल गैसकेछन्
काट्ने हो कल्ले अब पाउहात
बस्छु सहेरै बहको प्रपात

पीडा छ मैले सहनु हजार
रुँदै छु आफू अनि बारबार
यी हात काटी दिएँ बारबार
सुके पलाई कति अश्रुधार !

म फुल्नफल्नै नसकी सुकेर
बस्तै छु रोई शिरले झुकेर
शक्ति हरायो अघि बढ्नलाई
आँटै बिलायो केही गर्नलाई

मुहार मेरो सब बिग्रिएछ
चढेर लाली सब सिद्धिएछ
सम्झेर आफ्नो अघिको मुहार
गएछ बढ्दै त्यसमै विकार

सुक्दै गएछन् सब हातपाउ
निकै नहुने थपिएछ घाउ
झरिसकेछन् सब रोम आफैं
हल्लिसकेछन् सब दाँत आफैं

आकाश बोक्नै न सकीरहेछु
कापेर आफैं म बसीरहेछु
हेरी मलाई सब छक्क पर्छन्
ढलैं भने म सब पक्क पर्छन्

# सम्झनाका झुल्कामा

टाढा बसेरै उनलाई हेरें
दर्शन मिल्यो है भनी सास फेरें
मलीन कस्तो अनुहार पाएँ
थकानलाग्दो तन थुमथुम्याएँ

बोल्दै नबोलीकन उभिभएकी
हाँस्तै नहाँसीकन झोक्रिएकी
बेहाल यस्तो कसरी भएछ ?
लालित्य आफैं कसरी ढलेछ ?

मान्छे थिइन् ती यसरी न रुन्थिन्
हाँगा फलैको सरि ती नुहुन्थिन्
मुटु कलिलो कसले दुखायो
दिएर पीडा कसले रुवायो !

आँसु बहेको, करुणा रहेको
श्रृङ्गार सारा पुछिनै गएको
उराठलाग्दो अनुहार देख्ता
सौन्दर्य त्यस्तो अब छैन भेट्ता

हेरी उनैमा म बसीरहेछु
हराई आफैं म खसीरहेछु
अदृश्य छाया वर आई तान्छ
मलाई छोडी मुटु भागी जान्छ

O

# व्यथाभित्र म

पानी सुकेको म भएँ तलाउ
प्राणीहरू हो, मकहाँ नआऊ
केही रहेन अब शक्ति मेरो
इच्छा पुऱ्याऊँ कसरी म तिम्रो !

भुल्का हरायो पर मूलबाट
पानी घटायो तट भो उराठ
देखिन्न आभास कतै रसीलो
विकल्प पाइन्न कतै सजीलो

बँचिरहेछु म भई नकार
हाँसिरहेछु म सही विकार
जे-जत्ति पैले म थिएँ सरिता
ठानेर बस्थें म थिएँ पपिता

बिर्से सबैले पतला भएँ म
यस्तै भएरै सकिने भएँ म
म दोष दिऊँ कसरी हुँदैन
दया कसैको लिन चाह छैन

भोग्दै छु आफ्नै जति हो कमाइ
बचें र बाँचे त्यसमै रमाई
घृणा मलाई नगरून् कसैले
आखिर यस्तै हुनु रैछ मैले

○

# मुटु नचर्की

बाटो नहेरीकन हिँड्नु हुन्न
कुरै नबुझीकन बोल्नु हुन्न
पानीविना बादल डम्म हुन्न
मुटु नचर्कीकन कोही रुन्न

तेरो र मेरो भनी काम छैन
बस्छन् भ्रमैमा अरू केही हैन
ठूलो र सानो पनि भन्नु छैन
आफ्नो र अर्को पनि कोही हैन

राम्रो चिताए अनि हुन्छ जाती
माया गरेमा नर हुन्छ साथी
आँटी भए खुल्छ सधैँ प्रकाश
साँच्चै पूरा हुन्छ गरे प्रयास

आलस्य हो शत्रु विनाश गर्छ
घमन्डले खाडलमा पछार्छ
द्यौता स्वयं हो भजि भेटिँदैन
खोजेर स्वर्गै पनि देखिँदैन

राम्रो-नराम्रो चिज भन्नु छैन
दृष्टि हो बेग्लो अरू केही हैन
गरे असाध्यै पनि कार्य छैन
बसी घरैमा कहीँ पौँचिदैन

○

# के भएको होला ?

छिट्टै मर्ने बेला छैन अमूल्य यो चोला
धेरै बाँच्ने मनै छैन के भएको होला ?
डोरी जति बाटे पनि गाँठो यौटै हुन्छ
यात्रु जति भए पनि बाटो यौटै हुन्छ

तारा जति भए पनि चन्द्र यौटै हुन्छ
मान्छे फरक भए पनि रगत एकै हुन्छ
भाषा जति फेरे पनि वर्ण तिनै हुन्छन्
लुगा जति फेरे पनि मान्छे उनै हुन्छन्

माया जति बाँडे पनि कैल्यै सकिँदैन
प्राप्ति जति भए पनि इच्छा भरिँदैन
आफू सुखी हुँदा कस्तो सबै बिर्सि दिन्छन्
जब दु:ख आइपर्छ सबैसँग रुन्छन्

आफू खोला तरेपछि लट्ठी फालिदिन्छन्
बिना मूल्य पायो भने रद्दी पनि लिन्छन्
जाडो हुँदा सँगै राख्छन् गर्मी हुँदा फाल्छन्
बूढी भए काट्न दिन्छन् दूध दिए पाल्छन्

दिनभरि घाम ताप्ने राती मुढा खोज्छन्
काम गर्दा अल्छी गर्ने खान मीठो रोज्छन्
अँध्यारोमा बत्ती खोज्छन् उज्यालोमा सुत्छन्
बामे सर्न नजान्ने छन् तर दौडमा कुद्छन्

आँखा देख्न नसक्ने छन् कुरा गर्छन् भाँती
एक्लै बस्न रुचाउँछन् भेटूँ भन्छन् साथी
आफ्नै आमा नपुज्नेले नारी पुज्छु भन्छन्
आङकै भैँसी नदेख्नेले जुम्रा देख्छु भन्छन्

आफू तर्न नसक्नेले कहाँ कल्लाई तार्छ
बिगार जति आफू गरी गाली मात्रै पार्छ
माया दिन जान्दैन जो माया खोजी हिँड्छन्
आफू कुरूप भए पनि राम्रै रोजी हिँड्छन्

○

# विदेशिएको छोरो

पसिना बन्ने शरीरको पानी आँसु भै झरिगो
विशाल बन्ने पीपलको बोट सानैमा मरिगो

आमाको काख छोडेर छोरो परदेशी भैगयो
छोरालाई सम्झी आमाको छाती चर्कर रैरह्यो
गएको छोरो फर्कन फेरि आमालाई बिर्सियो
आँसुको धारा बगेर जाँदा आँखा नै रित्तियो

घरको काम कठिन सम्झी विदेश गएथ्यो
विदेश बस्दा घरलाई सम्झी धर्धरी रोएथ्यो
आमाको काख स्वदेशको बास बल्ल पो बुझेथ्यो
सुखको खोजी गरेर जब विदेश पुगेथ्यो

फर्केर आऊ सम्झेर देश तिम्रै हो यो घर
आफन्त सबै पर्खेर बसे अर्को पो को छ र ?
मिलेर बसौँ स्वदेशमै हामी दाजुभाइ भएर
नसकौँ हाम्रो सिर्जनाशक्ति विदेशमा गएर

○

# जाती हो

नजिक बसेर टाढा हुनुभन्दा टाढै बस्नु जाती हो
दिन भएर अँध्यारो हुनुभन्दा रात भएकै जाती हो
आँखा छोपाइएर बाँच्नुभन्दा आँखा नभएकै जाति हो
सम्मान गुमाएर बाँचेको भन्दा नबाँचेकै जाती हो

खाएर उकेल्नुभन्दा नखाएकै जाती हो
पक्रेर उम्किनुभन्दा नपक्रेकै जाती हो
फक्रेर ओइलिनुभन्दा नफक्रेकै जाती हो
उफ्रेर लड्नुभन्दा नउफ्रेकै जाती हो

गल्ती नगरी दोष पाउनुभन्दा गरेरै पाउनु जाती हो
चित्त नदुखी रुनुभन्दा दुखेरै रुनु जाती हो
बोझ भएर बाँच्नुभन्दा नबाँचेकै जाती हो
भित्र रोएर हाँस्नुभन्दा नहाँसेकै जाती हो

अग्लो भएर भाँचिनुभन्दा नबढेकै जाती हो
बत्ती बलेर निभ्नुभन्दा नबलेकै जाती हो
हात पसारी मागेर खानुभन्दा नखाएकै जाती हो
मरेर पनि बाँच्नुभन्दा नबाँचेकै जाती हो

भएर नासिनुभन्दा नभएकै जाती हो
पाएर मात्तिनुभन्दा नपाएकै जाती हो
बनेर बिग्रनुभन्दा नबनेकै जाती हो
बोलेर खिस्सिनुभन्दा नबोलेकै जाती हो

# वास्तविकता

पानी सुकिसकेपछि खोला बगर हुन्छ
शक्ति ढलिसकेपछि यौवन रहर हुन्छ
घर छोडी गयो भने सम्झना घरकै आउँछ
माया बिर्सिदियो भने त्यसै दुःख छाउँछ

आफन्तले छोडे पनि आफू छोड्न हुन्न
सबै कुरा छोडे पनि बाचा तोड्नु हुन्न
रात पछि दिन आउँछ सधैं रात हुन्न
पर्खेर नै बस्नुपर्छ हतारिनु हुन्न

पृथ्वीको सतह पनि सबै सम्म छैन
सागरमा पानी पनि सधैं टम्म छैन
मानिसको जीवनभरि सधैं सुख हुन्न
दुःख भयो भने कतै रुन पनि हुन्न

रङ्ग एउटै भए पनि वस्तु फरक हुन्छन्
आमा एउटै भए पनि सन्तान अनेक हुन्छन्
आवाज एउटै भए पनि विचार फरक हुन्छन्
अरूसँग हाँसे पनि एक्लै बस्ता रुन्छन्

भावनाले गर्दा मान्छे ठूलो-सानो हुन्छ
बुद्धि भए ठूलो हुन्छ, नत्र सानो हुन्छ
ढुकुटीको पैसाभन्दा सुक्खा रोटी मीठो
सुनचाँदी त खानु हुन्न चाहिन्छ है पीठो

o

# फूल

नटिप्नू बोटका फूल हेरी आनन्द मिल्दछ
बनेमा भ्रमरा आफू स्वार्थमै खाली भुल्दछ
अनेक फुल फुल्नेछन् बोट बाँचिरह्यौ भने
बाँच्ने छ फूलमै बास्ना माया सक्तो गऱ्यो भने

कति फूल फुले यस्मा नफक्रिँदै झरीगए
अनेकौं भ्रमरा आई नशा लागेसरि भए
नहल्ली फूलको बोट कसरी फूल झर्दछन्
हल्लाए जसले बोट तिनैले भूल गर्दछन्

नफुली फल लाग्दैन फुल्नै पर्दछ बोटमा
नगोडी फूल फुल्दैन गोड्नै पर्दछ फेदमा
माटोमा फूल फुल्दैन बोट नै रोप्नुपर्दछ
चाहेको फूल कस्तो होस् रोप्दैमा सोच्नुपर्दछ

बीजमा फल देखिन्न फुल्नुपर्दछ देखिन
बसेर केही भेटिन्न खोज्नुपर्दछ भेटिन
नहेरेदेखि पाइन्न हेर्नुपर्दछ पाउन
भेट्नुपर्दछ बेलाले फुल्ने औसर ल्याउन

बासना फूलको चल्छ हावा मन्द चले पनि
नभए फूलमा बास्ना चल्दैन कहिले पनि
फूलेकै फूल राम्रो हो फूलेकै मन पर्दछ
अन्त्यमा बोट छाडेर फूलले झर्नुपर्दछ

○

# नारी

अमिलो फल हुन् नारी देख्दा मुखै रसाउने
उज्यालो दिन हुन् नारी सोच्दा सुखै गराउने
गर्मीको गोली हुन् नारी खाँदा शीतलता दिने
अनौठो चीज हुन् नारी जहाँ राखे पनि हुने

बत्तीको बाती हुन् नारी आफू मिटी बचाउने
रातीको साथी हुन् नारी बाटो हिँड्न सिकाउने
भदौको भेल हुन् नारी जे-जे मिल्छ बगाउने
सृष्टिको **मूल** हुन् नारी जे-जे मिल्छ लगाउने

कलमी निप हुन् नारी जे-जे लेख्न परोस् हुने
कागजी जीव हुन् नारी जे-जे भन्न परोस् हुने
घडीको सुई हुन् नारी निरन्तर घुमीदिने
गाडीको तेल हुन् नारी अश्वशक्ति बनीदिने

पद्मको फूल हुन् नारी हिलोमाथि फूलीदिने
सृष्टिको मूल हुन् नारी माटोभित्र मिलीदिने
पानीको बुँद हुन् नारी जीवलाई बचाउने
गजबै शक्ति हुन् नारी सबै दुःख पचाउने

# ढुङ्गाजस्तो मन भए

ढुङ्गाजस्तो मन भए ठीकै हुन्थ्यो होला
हुँदो रैछ मन कोमल मानिसको चोला

कैलेकाहीँ यही मन साह्रै जाती लाग्छ
कैले भने यही मन अभिशाप नै लाग्छ
खडेरीमा बिरुवाले पाउने दुःखजस्तै
मेरो मन आजभोलि भएको छ त्यस्तै

कसै गरी रोकिँदैन यी आँखामा आँसु
यसै गरी जिन्दगीमा म कसरी बाँचू !
ढुङ्गाजस्तो मन भए ठीकै हुन्थ्यो होला
हुँदो रैछ मन कोमल मानिसको चोला

# ओठ पनि सुके

ओठ पनि सुकिसके किन थाहा छैन
खान मन लाग्दैन खै निद्रा पनि छैन

भित्रभित्र डर लाग्छ साथी नपाएर
एक्लै बस्ता कता हेर्छु आँखा टोलाएर
मेरो लागि संसार नै शून्यजस्तो भयो
किनकिन मेरो मन भित्रदेखि रोयो

माया पाउँदा साथ पाउँदा मनै खुसी हुने
माया टाढा हराउँदा यो मन सधैँ रुने
कस्तो मन बनाइदियो प्रकृतिले छकाई
बिछोडलाई सहन गर्न कठिन भो मलाई

○

# तिमी

देखेर संसार अहो ! डरायौ ?
आफूसँगै भैकन लौ हरायौ ?
संसारलाई कसरी चलायौ ?
चाँजो र पाँजो कसरी मिलायौ ?

थाहा सबै थ्यो तिमीलाई पैले
गाऱ्हो भएझैँ किन हुन्छ ऐले
आँटै त पैले कति थ्यो तनैमा
उत्साह हुन्थ्यो पहिले मनैमा

सम्झाउँथ्यौँ जे अरूलाई पर्दा
अगाडि बढ्थ्यौ केही काम गर्दा
हाँसेर कामै पनि पूर्ण गर्थ्यौ
भै नम्र आफू पिरलो उतार्थ्यौ

आपद् परेमा अरूलाई केही
सेवा गरेरै सुख हुन्छ देही
माया सबैले मनदेखि गर्थे
हेरेर बानी सब दङ्ग पर्थे

कहाँ गए ती शिव हाय ! ज्ञान
देखिन्छ ग्लानै अहिले त ज्यान
आफू नबिग्री अरूलाई हेर
पीडा नबोकी मनभित्र घेर

बन्नु छ आफैं पनि पीर घेर
उठ्ने थियो नै शिर एक फेर
बाटो हरायौ किन स्वार्थ हेरी
आउन्न मौका पछि फेरि-फेरि

आफन्त जो छन् कति सम्भिदै छन्
पर्खिरहेछन् ममता दिँदै छन्
त्यै शक्ति तिम्रो बलवान हुन्छ
मई उज्यालो जसमा रमिन्छ

आफ्नै छ छाया नभुलेर हेर
पाइन्छ माया अरूबाट घेर
बाटो अघिकै नभुलेर जाऊ
माया सबैमा मनबाट लाऊ

हामी सबैको सहयोग जुटछ
हाँसीखुसी नै सब याम बित्छ
खुसी सबैमा तिमीले दिनेछौ
आशिस आफू मनमा लिनेछौ

○

# मानिस

आफू चढिसकेपछि भ्याङ लडाइदिन्छौ
आफू तरिसकेपछि डुङ्गा बगाइदिन्छौ
अर्को चढ्न लाग्यो भने खुट्टा तान्ने कस्तो
अझ चढ्न लाग्यो भनी ढुङ्गा हान्नेजस्तो

आफू गरे सबै राम्रो सबै ठीक ठान्छ
अर्काले त्यै गर्‍यो भने त्यही बेठीक मान्छ
आफ्नो मुहार हेर्दा भने सधैँ राम्रो लाग्ने
अर्काको त्यै मुहार हेर्दा उसलाई घिन जाग्ने

बानी कस्तो मानिसको आफैँ राम्रो लाग्छ
आफ्नो काम बनेपछि आफन्त नै त्याग्छ
निर्धो देखे हप्काउँछ बलियो देखे भाग्छ
सकेसम्म लुटी लिन्छ नसकेमा माग्छ

धनी देखेपछि लाग्छन् गरिबलाई छाड्छन्
राम्रा चीज आफैँ राख्छन् नराम्रोचैँ बाँड्छन्
भाग मिल्दा सबै मिल्छन् नमिलेमा लड्छन्
न्यायनिसाफ कतै छैन बलकै भरमा अड्छन्

ठूलो स्वर दर्‍हो मुड्की भएकाले जित्छन्
सधैँ सीमा बाटो पनि यिनैले नै मिच्छन्
सोझा मानिस डराउँछन् मरिन्छ कि भनी
सहेर नै बसिदिन्छन् अमुकझैँ बनी

O

# माया

जानेर गर्दा पनि भूल हुन्छ
नजानी गर्दा कति भूल हुन्छ
मानिस आफैं गरिदिन्छ भूल
आफ्नैहरूमा गाडिदिन्छ शूल

तेरो र मेरो सब आज छोडी
बसौं मिलेरै अब हात जोडी
आखिर उस्तै सबले छ जानु
पारेर जम्मा न त क्यै छ लानु

आफैं छ माया कहिल्यै नभनौं
मारेर माया कहिल्यै नमरौं
हाँसेर माया अरुबाट लेऊ
बाँडेर हाँसो सबलाई देऊ

छाडेर जाऊ सबमा यो माया
गइन्छ छोडी भवमा यो काया
जितेर संसार कहाँ जितिन्छ
छोडेर माया कसरी टिकिन्छ !

बाटो छ लामो सँग छैन साथी
छोडी सबै चीज छ जानु माथि
सम्झेर यो सत्य बढौं अगाडि
कुकर्म सारा त्यजिचूँ पछाडि

○